२६४

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ३२४/२०७१/०७२

बारा जिल्ला महेशपुर गा.वि.स. वार्ड नं. ९ बस्ने श्यामबाबु प्रसाद यादव ..........................१ पुनरावेदक

**विरूद्ध**

स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय बारा...................................१ विपक्षी
गा.वि.स. सचिव, गाउँ विकास समितिको कार्यालय, उमजन, बारा ..................................१

विषय :- सूचना पाएकोले लगत कट्टा गरिएको ।

बारा जिल्ला महेशपुर गा.वि.स. वार्ड नं. ९ बस्ने श्यामबाबु प्रसाद यादवले गाउँ विकास समितिंको कार्यालय, उमजन, बारा समेत समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।११।२८ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।११।२९, च.नं ७०८ को पत्रबाट खुलाई पठाई दिनु भनी पत्राचार भएकोमा गाउँ विकास समितिको कार्यालय, उमजन, बारा समेतको मिति २०७२।०१।०३, च.नं.३९५ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराउन सम्पर्क गर्न खोज्दा सम्पर्क हुन नसकेको कारण माग गरेको सूचना उपलब्ध गराउन नसकेको भनी पत्राचार भएको भएतापनि निज पुनरावेदकले माग गरेको सूचना पाइसकेकोले मेरो पुनरावेदनको लगत कट्टा गरिदिनू भनी फोन मार्फत आयोगमा अनुरोध गरेको र पछि सूचना पाइन भनी पुनरावेदकले पुनः यस आयोगमा निवेदन गरेमा सोही बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।